# म्याग्दे गाउँपालिका
## गाउँ कार्यपालिको कार्यालय
छाङ्ग, तनहुँ
गण्डकी प्रदेश, नेपाल

(प्रथम पटक सूचना प्रकाशित मिति २०७७/०५/१९)

## आ.व. २०७७/०७८ को आन्तरिक आयको ठेक्का सम्बन्धी सिलवन्दी वोलपत्र आह्वानको सूचना

स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा म्याग्दे गाउँपालिका गाउँ कार्यपालिकाको निर्णय बमोजिम म्याग्दे गाउँपालिका, तनहुँको क्षेत्राधिकार भित्र पर्ने देहायका शिर्षकमा सम्झौता मितिले एक वर्षका लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट आफ्नो फर्मको नविकरण भएको फर्म दर्ता प्रमाण-पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्र तथा आर्थिक वर्ष ०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी रितपूर्वकको शिलवन्दी वोलपत्र आव्हान गरिन्छ ।

**स्थानीय उत्पादन विक्री शुल्कः-** यस गाउँपालिकामा उत्पादन भई वाहिरी स्थानीय तहमा विक्री हुने मालवस्तुहरुको स्थानीय उत्पादन विक्री शुल्क उठाउने कार्य :

| ठेक्का नं. | विवरण | न्यूनतम अङ्क (मु. अ. कर बाहेक ) | वोलपत्र फाराम दस्तुर | धरौटी रकम | वोलपत्र खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|
| आ. आ. २–२०७७/०७८ | ढुङ्गा, गिट्टी, वालुवा, इट्टा, कवाडी सामान तथा स्थानीय उत्पादनहरुको विक्री शुल्क संकलन गर्ने कार्य | रु.१,५०,००,०००.०० (एक करोड पचास लाख रुपैया मात्र) | ३,०००.०० ( तीन हजार रुपैयाँ मात्र ) | कवोल अङ्कको ५ प्रतिशत | २०७७०६।१८ गते भित्र |

**गाउँपालिकाले तोकेको दररेट**

१. ढुंगा,गिटी,बालुवा ,ग्रावेल र रोडा - प्रति क्यु.फिट रु २.५० ।-
२. स्लेट (बिछ्याउने ढुंगा,खरि ,चुन ढुंगा) - प्रति क्यु.फिट रु २.५० ।-
३. भट्टामा प्रयोग गर्ने माटो - प्रति क्यु.फिट रु ०.३० ।-
४. ईट्टा निकासी - प्रति हजार रु ५० ।-
५. ब्लक निकासी - प्रति गोटा रु ०.२० ।-
६. रेडीमिक्स - प्रति क्यु. मिटर रु ५० ।-
७. अदुवा - प्रति क्वीन्टल रु २० ।-
८. फलफुल(सुन्तला,केरा आदी) - प्रति क्वीन्टल रु ५० ।-
९. अण्डा प्रति गोटा रु ०.०५ ।-
१०. कटिङ ढुङगा :
   - १२ ईन्च वा सो भन्दा ठुलो प्रति पिस रु ०.५०।-
   - १२ ईन्च भन्दा सानो प्रति पिस रु ०.२५।-
११. कवाडी सामान :
   - बियर बोतल  प्रति गोटा रु १।-
   - मदिरा सिसि प्रति गोटा रु १।-
   - चुर/फुटेको सिसा (सादा/रंगिन) प्रति के.जि रु १।-
   - अन्य बोतल प्रति गोटा रु १।-
   - प्लास्टिक जन्य पदार्थ प्रति के.जि रु १।-
   - फलाम प्रति के.जि रु २।-
   - सिलौट/जस्ता प्रति के.जि रु १५।-
   - तामा/पित्तल प्रति के.जि रु ३०।-
   - कागजजन्य पदार्थ प्रति के.जि रु १।-
   - हाड सिङ खोर प्रति के.जि रु ५।-
   - छाला प्रति पिस रु ५०।-
   - अन्य कवाडी सामानहरु प्रति के.जि रु १।-
१२. साल जातको काठ गोलाई  प्रति क्यु. फिट रु ३०।-/चिरान प्रति क्यु.फिट रु ५०।-
१३. खयर जातको काठ गोलाईः प्रति क्यु. फिट रु २५।-
१४. सिसौ गोलाई प्रति क्यु. फिट रु २०।-/चिरान प्रति क्यु.फिट रु ३०।-
१५. अन्य कुकाठ गोलाई प्रति क्यु.फिट रु १०।-/चिरान प्रति क्यु.फिट रु १५।-
१६. दाउरा प्रति के.जि रु ०.१०।-
१७. बाँस प्रति घना रु २।-
१८. वनकस (खर), वावियो, मलहन पत्ता, छवाली, पराल, निगालो लोकता, पटेर, अम्रिसो(कुचो) प्रति ट्रयाक्टर रु. ५०/प्रति ट्रक रु. १५०

**बोलपत्र सम्बन्धी शर्तहरुः-**

- वोलपत्र फाराम २०७७०६।१८ गते सम्म PPMO's को website http://www.bolpatra.gov.np वाट Download गर्न सकिनेछ र यस कार्यालयको लक्ष्मी बैंक लि., थर्पु शाखामा रहेको खाता नं. : ग.४.१ : ०७८०३०००११६ मा तोकिएको दस्तुर जम्मा गरेको बैंक भौचर पेश गर्नुपर्ने छ । वोलपत्रहरु २०७७०६।१९ गते दिनको १२:०० वजेसम्म e-bidding पोर्टल मार्फत पेश गर्न सकिनेछ । पेश हुन आएका वोलपत्र सोही दिनको १:०० वजे यस कार्यालयमा वोलपत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । वोलपत्र दाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।
- ठेक्काको ठेक्का बन्दोबस्त गर्न शुल्क उठाउने दररेटको विवरण बोलपत्र फाराम साथ उपलव्ध गराइनेछ ।
- वोलपत्र खरिद गर्दा नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्वर (मु.अ.कर सहितको) प्रमाण-पत्र तथा आर्थिक वर्ष ०७५/०७६ को कर चुक्ताको प्रतिलिपी पेश गर्नुपर्नेछ ।
- वोलपत्र फाराम भरी पेश गर्दा आफुले कवुल गरेको रकम ( कर वाहेक ) अङ्क र अक्षरमा प्रष्टसंग लेखि कवुल अङ्कको ५% (पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम यस कार्यालयको लक्ष्मी वैंक लिमिटेड, थर्पुमा रहेको खाता नं. ग. ३ : ०७८०३०००१०९ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको वोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तिमा ९० दिन म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ ।
- वोलपत्र खरिद गर्ने, पेश गर्ने, खोल्ने दिन विदा परेमा सो को भोलिपल्ट सोही समय र स्थानमा गरिने छ ।
- ठेक्का सम्झौता गर्दा कवुल अङ्कमा  १३ % मुल्य अभिबृद्धि कर र नियम अनुसार लाग्ने अन्य कर जोडी कुल सम्झौता रकम कायम गरिने छ ।
- ठेक्का रकम एकमुष्ठ वुझाएमा १०% छुट दिइनेछ ।
- स्वीकृत ठेक्का अङ्कलाई दुई किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता ५०% र दोश्रो किस्ता ५०%, दुई किस्तामा विभाजन गरिएको र पहिलो किस्ता ५०% सम्झौता अगावै दाखिला गरि बाँकी ५०% को हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैकवाट सम्झौता मितिले १३ महिना सम्म मान्य हुने बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । ५०% रकमको किस्ता सम्झौताको समय भित्र भूक्तान गर्नुपर्नेछ । दोस्रो किस्ता वापतको रकम सम्झौता मितिले छ महिना भित्र चुक्ता गरी सक्नुपर्नेछ ।
- धरौटी वापतको जम्मा भएको रकमलाई किस्तामा मिलाउन पाइने छैन । म्याद भित्र कवुलियत गर्न नआएमा नियमानुसार हुनेछ ।
- तोकिएको किस्ता म्याद भित्र नवुझाएमा गाउँपालिकाको तर्फवाट ठेक्का तोडी वाँकी रहेको किस्ता वैक ग्यारेण्टीवाट असुल उपर गर्ने गरी कानुनी प्रक्रिया अपनाईनेछ ।
- कुनै शर्त राखी पेश गरेको, म्याद भित्र प्राप्त नभएको र रित नपुगेको वोलपत्र माथी कुनै कारवाही गरिने छैन ।
- ठेक्का स्वीकृत भई कार्यादेश दिई सकेपछि वन्द, हडताल, चक्का जाम, वा अन्य कुनै कारण देखाई मिन्हा वा छुट माग दावी गर्न पाईने छैन ।
- वोलपत्रदाताले ढुङ्गा, गिट्टी, वालुवा, ईट्टा, माटो, स्लेट ढुङ्गा, व्लक आदीको स्थानीय उत्पादन विक्री शुल्क संकलन गर्दा गाउँकार्यपालिकाले तोकेको दररेट भन्दा वढी हुने गरी निकासी गर्न पाईने छैन । उक्त दररेट भन्दा वढी हुने गरी रकम संकलन गरेमा ठेक्का सम्झौता तोडिनेछ ।
- वोलपत्रदाताले मासिक रुपमा आफूले जारी गरेको विलको विवरण अनिवार्य रुपमा गाउँपालिकामा पेश गर्नुपर्नेछ ।
- पेश भएका वोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- यसमा उल्लेख भएका कुराहरु यसै वमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए वमोजिम हुनेछ । साथै, संघीय सरकार, प्रदेश सरकार र यस गाउँपालिकावाट समय समयमा उल्लेख गरिएको निर्देशनहरुको पालना वोलपत्रदाताले गर्नुपर्नेछ ।
- बिस्तृत जानकारीका लागि यस कार्यालयको राजस्व शाखामा, कार्यालय समय भित्र फोन नं. ०६५-४००१०८ मा सर्म्पक गरी जानकारी लिन सकिनेछ ।